श्री दोलखा जिल्ला अदालत
चरिकोट

# सूचना !सूचना!! सूचना !!!

कोरोना संक्रमण (कोभिड-१९) को विश्वव्यापी असर बढी रहेको सन्दर्भमा अदालतबाट सम्पादन हुने सेवा प्रवाह सम्बन्धमा जिल्ला न्यायाधीवक्ता दोलखा र दोलखा बार ईकाइ समेतको छलफल/सहमती पश्चात् स्थानीय प्रशासनबाट जारी निषेधाज्ञा समेतलाई मध्यनजर राख्दै मिति २०७८।०३।२२ मा विस्तार गरिएको सेवालाई नै निरन्तरता दिने भनि आज मिति २०७८।०४।०१ मा निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

<u>निरन्तरता दिएका सेवाहरु</u>

१. बन्दीप्रत्यक्षकरणको रिट निवेदन दर्ता र सुनुवाइ,
२. मिलापत्र,मुद्दा फिर्ता,डिसमिस,सजाय निर्धारण,
३. अभियोगपत्र दर्ता,वयान र थुनछेक,फरारीको थुनछेक,कोभिड-१९ सम्बन्धि निवेदन,
४. म्याद थप,पक्राउ पूर्जी जारी,जरुरी पक्राउ पूर्जीको समर्थन,कल डिटेल अनुमति,
५. थुनुवा मुद्दाको सुनुवाइ,
६. मृत्युको न्यायिक घोषणा सम्बन्धि निवेदन दर्ता,
७. अधिकृत वारेसनामा,
८. विवाह दर्तासम्बन्धि निवेदन दर्ता।
९. दिनमा २ थानसम्म फिरादपत्र,फैसला कार्यान्वयन सम्बन्धि निवेदन दिनमा २ थानसम्म १२ बजेसम्म आएमा दर्ता गर्ने,
१०. दिनमा २ थानसम्म प्रतिउत्तरपत्र १२ बजेसम्म आएमा दर्ता गर्ने,
११. साधारण तारेख लिन उपस्थित हुनुपर्ने सेवाग्राही उपस्थित भएमा सेवा प्रदान गर्ने ,
१२. फौज्दारी मुद्दामा धरौटी /तारेखमा रहेका प्रतिवादीहरु उपस्थित भइ मुद्दा सुनुवाई गर्न अनुरोध गरेमा त्यस्ता मुद्दाको सुनुवाई गर्ने,
१३. मिति २०७८।०४।०१ गते शुक्रबार देखि केही प्रतिवादी थुनामा र केही प्रतिवादी तारेखमा रही अंग पुगेको फौज्दारी मुद्दाको तारेखमा रहेका प्रतिवादीहरुले अदालतमा उपस्थित भइ मुद्दा सुनुवाइ होस भनी अनुरोध गरेमा त्यस्ता थुनुवा मुद्दाको सुनुवाइ गर्ने,

१५. २०७८।०४।०१ गते देखि निषेधाज्ञाको अवधिमा पुर्व निर्णय अनुसारका सेवा नियमित सञ्चालन गर्ने,

१६. म्याद हदम्यादमा उपस्थित हुनुपर्ने सेवाग्राहीको हकमा निषेधाज्ञा समाप्त भइ अन्तर जिल्ला सार्वजनिक यातायातको साधन पूर्ण रुपमा सञ्चालनमा आएको मितिले बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित भई निवेदन दिएमा म्याद तारेख हदम्याद थामी कारवाही अगाडी बढाउने,

१७. स्वास्थ्यसम्बन्धि मापदण्डलाइ सवैले अनिवार्य पालना गर्नुपर्ने,

१८. जोखिमको अवस्था र परिस्थितिको मुल्याङ्कन गरी जिल्ला सरकारी वकिल,दोलखा बार एसोसियसन लगायतका सरोकारवालाहरु सँग आवश्यक छलफल गरी सेवा विस्तार/संकुचन तथा दर्ता र सुनुवाई विषयमा आवश्यकता अनुसार पुनरावलोकन गर्दै जाने ।

.................................

शिवकुमार पोखरेल

स्रेस्तेदार(उप-सचिव)